स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मोडल तथा एक्ट्रेस नीति शाह डेब्यु फिल्म 'खजुरे ब्रो'को पत्रकार सम्मेलनमा एकाएक भावुक देखिइन् । बोलिरहँदा उनका आँखा रसाए । धमाधम फिल्म साइन गर्ने तर फिल्म नबन्ने सन्दर्भमा आफूलाई 'अनलक्की' भनिएकोप्रति उनको दुःखेसो थियो । मिडियादेखि सामाजिक सञ्जालमा यसो भनिंदा आफू निराश र हतोत्साही भएको उनको भनाइ छ । मिडियामा आफूले फिल्म साइन गरेका खबर आउँदा आफूलाई डर लाग्ने उनको भनाइ छ । उनले आफूलाई दबाब महसुस भइरहेको बताइन् ।

**आजको विचार...**



हरि ज्ञवाली

नीति...
(दुई पेजमा)



प्रदीप खड्का स्टारर आगामी फिल्म 'एक्लो'बाट डान्सर कविता नेपालीले फिल्म अभिनयमा डेब्यु गर्ने भएकी छन् । केही दिनअघि निर्मातासँग उनको लिखित सहमति भएको छ । फिल्मको शीर्षमध्येको भूमिकामा उनले अभिनय गर्न लागेको निर्देशक प्रदीप शाहीले जानकारी दिए । नृत्यमा आधारित फ्रेन्चाइज टिभी रियालिटी शो 'बुगी उगी'की विजेता समेत रहेकी कविता पछिल्लो समय नेपाली म्युजिक भिडियोमा व्यस्त छिन् । यो फिल्ममा विजय लामा, बेनिशा हमाल, सुनिल थापा, एवनराज उप्रेतीलगायतले पनि अभिनय गर्ने जनाइएको छ ।

❑ वर्ष २९ ❑ अंक २४३ ❑ २०८० चैत २० गते मंगलबार 2 April 2024, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### वर्षाका कारण दश जनाको मृत्यु

(रासस/एएनआई)

**खैबर पख्तुनख्वा (पाकिस्तान),** चैत १९/ पाकिस्तानमा लगातार दुई दिनसम्म परेको वर्षका कारण खैबर पख्तुनख्वा प्रान्तमा दश जनाको मृत्यु हुनुका साथै १२ जना घाइते भएको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए) ले जनाएको छ । पिडिएमएका प्रवक्ता अनवर शहजादले हताहतको पुष्टि गर्दै मृत्यु हुनेमा आठ जना बालबालिका तथा दुईजना महिला रहेको जनाएका छन् । यसैगरी घाइते हुनेहरु मध्ये नौ बालबालिका, दुई महिला र एक पुरुष रहेको उनले उल्लेख गरेका छन् । प्राप्त रिपोर्ट अनुसार वर्षा र असिनाका कारण भएका दुर्घटनामा २७ वटा घर क्षतिग्रस्त भएको प्रवक्तालाई उद्धृत गर्दै द नेशन अखबारले जनाएको छ । द नेशनका अनुसार प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्य जारी रहेको छ । पिडिएमएले जारी गरेको रिपोर्टमा सांगला, बन्नु, बाजौर, पेशावर, नौशेरा र मानसेहरामा विभिन्न संरचना तथा घरहरु क्षतिग्रस्त भएका छन् । द नेशनका अनुसार, यस घटनामा तीनवटा घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । यसैगरी मोहमण्ड, मर्दान, उत्तरी बजिरिस्तान लगायतका क्षेत्रमा २४ वटा घर आंशिक रूपमा क्षतिग्रस्त भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# दलका निसाना बन्दै सरकारी र पुरातात्विक स्थलहरु

## पार्टीका गतिविधिप्रति सर्वत्र आलोचना

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत १९/पछिल्लो समय जिल्लाका ठूला राजीतिक दलहरुको निसानामा सरकारी संस्था र पुरातात्विक सम्पदाहरु पर्ने गरेका छन् । उनीहरुले आफ्ना गतिविधिहरु गर्न तिनीहरुको चरम दुरुपयोग गर्ने गरेको पाइन्छ । राजनीतिक गन्ध नै आउन नदिने स्थानहरुको प्रयोग गरी दलहरुले पार्टीका क्रियाकलापहरुलाई पश्रय दिइरहेका छन् ।

गत मंसिर ३० गते नेपाली काँग्रेसले तानसेन नगरपालिकाको भवन नै ढाक्ने गरी ब्यानर राखेर जिल्ला सम्मेलन गरेको विषय निकै आलोचित बन्यो । सरकारी भवनमा पार्टीको ब्यानर राखेर कार्यक्रम गर्नु उचित नभएको भन्दै नागरिकस्तर र सञ्चार माध्यमबाटै पार्टीको व्यापक आलोचना भएको थियो । त्यो आलोचना सेलाउन नपाउँदै नेकपा एमाले तानसेन नगर कमिटीले गत शनिबार ऐतिहासिक तथा पर्यटकीयस्थल रानीमहल दरबार भित्र पार्टीको ब्यानर र झण्डा राखेर बैंठक गरेपछि अहिले त्यसको सर्वत्र आलोचना भएको छ । एमालेले पर्यटकीयस्थल जस्तो ठाउँलाई प्रयोग गरेर पार्टीको बैंठकस्थल नै बनाएपछि सामाजिक सञ्जाल र यत्रतत्र आलोचना भएको हो । एमाले नगर कमिटीले भने रानीमहलको प्रचार-प्रसार र थप स्तरीकरणको लागि सबैको ध्यानाकर्षण स्वरुप बैंठक राखिएको बताएको छ ।


नगर कमिटी अध्यक्ष गुराँस आत्रेयले नगर सरकारको स्वीकृत लिएर नै दरबारमा बैंठक राखिएको बताएका छन् । उनले रानीमहलको पर्यटन विकास कसरी गर्न सकिन्छ भन्ने विषयमा रानीमहलमै पुगेर बैंठक राखिएको बताए । तर सामाजिक सञ्जाल प्रयोगकर्ता र केही राजनीतिक नेतृत्वहरुले भने प्रेमको प्रतिक रानीमहल दरबार पार्टीका बैंठक र भेला गर्ने ठाउँ नभएको भन्दै सो गतिविधिमाथि आलोचना गरेका छन् । नगर अध्यक्ष आत्रेयले बैंठकका तस्वीरसहितको गतिविधि सामाजिक सञ्जालमा पोष्ट गरेपछि सूर्य प्रकाशले काँग्रेसले नगरपालिकामा, एमालेले रानीमहलमा भेला गरेर हिसाव बराबर गरेको भन्दै कमेन्टमा व्यङ्ग्य गरेका छन् । यसको जवाफमा नगर अध्यक्ष आत्रेयले भने नगर सरकारको अनुमतिमै बैंठक कक्षमा बैठक बसिएको बताएका छन् । उनले कमेन्टमा भनेका छन् 'तानसेन नगरपालिकाले अनुमति दिएको रानीमहल बैठक कक्षमा हो हजुर, बुझेर लेख्ने की ? बैठक कक्ष बैठक बस्नकै लागि बनाईएको हुन्छ ।' उनको यो जवाफपछि सूर्य प्रकाशले फेरि कमेन्ट गर्दै रानीमहलमा बैठक र भेला गर्ने ठाउँ नभएको बताएका छन् । उनले भनेका छन् 'रानीमहल बैठक र भेला गर्ने ठाउँ हैन, प्रेमको प्रतिक पर्यटन कै रुपमा विकास गर्नुपर्छ भन्ने मेरो आसय हो, तानसेन नगरपालिकाले त अनुमति जे पनि दिन्छ ।'

तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले आफुहरुकै अनुमतिमा एमालेको नगर बैंठक बसेको बताए । उनले भने' नगर कमिटीले हामी दरबारमा बैंठक राख्छौं भनेर सोधेपछि हामी नराख्नुहोस् भन्न मिलेन, दरबार सबैको हो, त्यहाँ जो सुकै गएर पनि कार्यक्रम, बैंठक राख्न पाउनुपर्छ भन्ने हाम्रो मान्यता हो ।' नगर प्रमुख श्रेष्ठले यस्ता विषयमा क-कसको के कस्ता धारणा आउँछन् त्यसतर्फ आफ्नो चासो नरहेको बताए । नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले दरबारभित्र राजनीतिक दलहरुले कार्यक्रम गर्न हुँदैन भन्ने हैन तर पार्टीको झण्डा र ब्यानर नै राखेर गर्नु गलत रहेको बताए । उनले स्थानीय सरकारले दिएको स्वीकृतिलाई एमालेले दुरुपयोग गरेको उल्लेख गरे । नेकपा माओवादी केन्द्रका जिल्ला इन्चार्ज राजेन्द्र विश्वकर्माले ऐतिहासिक धरोहरमा गएर पार्टीका कार्यक्रम गर्नुले राम्रो सन्देश प्रवाह नहुने बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष डुलबहादुर कुंवरले पुरातात्विक महत्व बोकेका ठाउँहरुमा पार्टीका कार्यक्रम गर्न दिनु नै गलत भएको बताए । उनले बैंठक गर्ने र गर्न स्वीकृत दिने दुवैको कमजोरी भएकाले आगामी दिनमा सच्याएर जानुपर्नेमा जोड दिए । राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामीले एमाले जस्तो ठूलो दलले रानीमहल दरबार भित्र गएर बैंठक राख्नु ऐतिहासिक पुरातात्विक सम्पदा माथिको भद्दा मजाक भएको बताए । उनले नगर सरकारले समेत सार्वजनिक महत्वको ठाउँमा पार्टीका झण्डा गाँडेर कार्यक्रम गर्न दिन नहुने प्रतिक्रिया दिए । रानीमहल र पर्यटनको विकासका लागि बैंठक, कार्यक्रमहरु गर्नु आफैमा राम्रो हो तर पार्टीकै झण्डा र ब्यानर राखेर राजनीतिक गन्ध ल्याउनु राम्रो नभएको पर्यटन व्यवसायीको छाता संगठन नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पाका अध्यक्ष राजिवकुमार शाहाले बताए । बैंठकमा नेकपा एमाले पोलिटव्युरो सदस्य, प्रतिनिधि सभा सासंद, जिल्ला समन्वय समितिका प्रमुखदेखि एमालेका उच्च पदस्त व्यक्तिहरु त्यहाँ पुगेका थिए ।



नेकपा एमाले तानसेन नगर कमिटीले पर्यटकीयस्थल रानीमहलमा आयोजना गरेको बैठकमा सहभागीहरु ।

# २८ प्रतिशतले बढे विदेशी पर्यटक



**काठमाडौं,** चैत १९/यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटक २८ दशमलव नौ प्रतिशतले बढेका छन् । नेपाल पर्यटक बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटकको संख्या २८ हजार सात सय ४१ ले वृद्धि भएको हो ।

गत वर्षको मार्चमा कुल ९९ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएकोमा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल आएका छन् । मार्चमा सबैभन्दा बढी भारतीय पर्यटक आएका छन् । भारतबाट सो अवधिमा ३० हजार छ सय ९८ पर्यटक नेपाल आएका छन् । चिनियाँ पर्यटकको संख्या भने १२ हजार ९३ छ । बोर्डका अनुसार सो अवधिमा अमेरिकाबाट १० हजार सात सय ७३ र बेलायतबाट सात हजार दुई सय ४१ जना, श्रीलङ्काबाट पाँच हजार सात सय ४१, जर्मनीबाट पाँच हजार दुई सय ५५, थाइल्याण्डबाट चार हजार तीन सय ४५, फ्रान्सबाट तीन हजार दुई सय ४० र म्यानमारबाट तीन हजार एक सय ३१ जना विदेशी पर्यटक नेपाल आएका छन् ।

क्षेत्रीय हिसाबले हेर्दा एसिया (सार्क)बाट ४० हजार सात सय २७, एसिया (अन्य)बाट २८ हजार छ सय ४८, यूरोपबाट २७ हजार पाँच सय ८२, ओसनियाबाट चार हजार सात सय ८० र क्यानडा र अमेरिकाबाट १२ हजार छ सय १४ जना पर्यटक नेपाल आएका छन् ।

यस वर्षको जनवरीमा ७९ हजार एक सय र फेब्रुअरीमा ९७ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२३ को पहिलो तीन महिनामा दुई लाख २७ हजार सात सय ५५ जना विदेशी पर्यटक नेपाल भित्रिएकोमा सन् २०२४ को पहिलो तीन महिनामा तीन लाख चार हजार छ सय ९३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन् । जुन ३३ दशमलव ७८ प्रतिशतले बढी हो । *-रासस*

# आज विश्व अटिजम जागरूकता दिवस मनाइँदै

**पाल्पा,** चैत १९/विश्व अटिजम जागरुकता दिवस आज विश्वभर मनाइँदैछ । अटिजमको बारेमा सचेतना दिने र त्यस्तो समस्या भएका बालबालिकाको विशेष स्याहारमा जोड दिँदै संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष अप्रिल २ मा यो दिवस मनाइने गरिन्छ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ ।

संयुक्त राष्ट्रसंघको आह्वानमा सन् २००८ देखि विश्व अटिजम जागरुकता दिवसका रूपमा मनाइन थालिएको हो । अटिजमले मानिसको सामाजिक अन्तर्क्रिया, सञ्चार र व्यवहारलाई असर गर्ने भएकाले अटिजम स्पेक्ट्रम डिसअर्डर (एएसडी), एक न्यूरो डेभलपमेन्टल समस्याको रुपमा चिनिन्छ । वयस्क जीवनमा असर नपर्दा छुट्टै सोचको रुपमासमेत लिने गरिन्थ्यो तर पछिल्लो समय स्पेक्ट्रम डिसअर्डरको लक्षणले समस्यामा पारेकोले सचेतनाका लागि जागरुकता दिवस मनाउन थालिएको हो । यस दिवसमा अटिजमको क्षेत्रमा काम गरिरहेका संस्थाहरुले विशेष कार्यक्रमको आयोजना गर्दै आएका छन् । नेपालमा अटिजमबाट गुज्रिरहेकाको यकिन तथ्यांक छैन । विश्वमा यसको संख्या भने साढे दुईदेखि तीन लाखसम्म रहेको बताइन्छ । अटिजम जन्मजात हुने एक विशेष खालको समस्या हो । अटिजमका लक्षण जन्मिएको तीन वर्षभित्र प्रष्ट रुपमा चिन्न सकिन्छ । झट्ट हेर्दा सामान्य अवस्थाकै बालबालिका जस्ता देखिए पनि अटिजम भएका बालबालिकाहरुले अरुलाई वास्ता नगर्ने हुन्छन् । अटिजम भएका बालबालिकामा पनि छुट्टै विशेषता हुन्छ । समयमा नै उपचार गराउन सके उनीहरुको वृत्तिविकासमा सहयोग पुग्ने चिकित्सकहरु बताउँछन् ।




आमा बुवाको उमेर धेरै भएपछि जन्मिएका बच्चाहरुमा अटिजमको खतरा हुने देखिने गरेको छ । चिकित्सकसँग निरन्तर परामर्शमा रहे अटिजमको रोकथाम गर्न सकिने बताइएको छ । अटिजम भएका व्यक्तीहरुलाई सामाजिक रुपमा घुलमिल हुन, सञ्चारको बिचलन, कल्पना शक्ति कम हुने र व्यवहार गर्नमा कठिनाई, खेलहरु खेल्न नजान्ने जस्ता समस्याहरु देखापर्छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अटिजम लुकाएर नराखौं

अटिजम भन्नाले कुनै पनि मानिसमा भएको सामाजिक कौशलताका चुनौती, दोहोरिने व्यवहार, आफ्नो मनको भावनालाई बोलेर ब्यक्त गर्न नसक्ने समस्या भन्ने बुझिन्छ । तर समाजमा अटिजमलाई रोग भन्ने गलत बुझाइ छ । बालबालिकामा देखिने यो कुनै रोग नभई मस्तिष्कको बनावटका क्रममा उत्पन्न असन्तुलनबाट देखिने समस्या हो । यो रोग नभएर बालबालिकाको मस्तिष्क विकासका क्रममा आउने समस्या हो भन्ने कुरा बुझ्न जरुरी छ । यसलाई 'न्युरो डेभलपमेन्ट डिसअर्डर' पनि भनिन्छ । यो विशेष गरी जेनेटिक र वातावरणीय प्रभावका कारण हुने गर्दछ । पछिल्लो समय विश्वमा अटिजम चुनौतीपूर्ण स्वास्थ्य समस्याको रुपमा बढीरहेको छ । अटिजमको बारेमा सचेतना दिने र त्यस्तो समस्या भएका बालबालिकाको विशेष स्याहारमा जोड दिंदै संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष अप्रिल २ तारिखमा अटिजम जागरुकता दिवस मनाउने गरिन्छ । आज पनि नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । यो दिवस पहिलो पटक २००८ मा मनाइएको थियो । नोभेम्बर १, २००७ मा, संयुक्त राष्ट्र संघले प्रत्येक वर्ष एक दिनलाई विश्व अटिज्म दिवसको रूपमा घोषाणा गर्न भनेको थियो । सोही अनुरुप डिसेम्बर १, २००७ मा संयुक्त राष्ट्र साधारण सभाले अप्रिल २ लाई विश्व अटिज्म जनचेतना दिवस भनेर तोकेको हो । त्यस यता हरेक वर्ष विश्वमा ओटिज्म भएका व्यक्तिको अधिकार र पहिचान सुनिश्चित एवं चेतनाको अभिवृद्धी गर्ने उद्देश्यले विश्व ओटिजम जनचेतना दिवस मनाउने गरिएको हो । हरेक वर्ष दिवस मनाउने गरिए पनि अटिजम समस्या झन बढ्दो छ । यो अत्यन्त दुखको कुरा हो ।

यद्यपी नेपालमा अटिजमबाट गुज्रिरहेकाहरुको यकिन तथ्यांक भने छैन । अटिजमको समस्याबाट गुज्रिरहेकाहरुको उपचार र नियन्त्रणका लागि त्यसको तथ्यांक राख्न आवश्यक छ । परिवारले ख्याल राख्ने र सामान्य हेरचाह गर्ने गर्दा पनि यो समस्याको निदान हुन्छ । तर, यसलाई ठूलो समस्या या निको नहुने रोगका रूपमा लिने सामाजिक सोचले गर्दा धेरैले यो समस्या लुकाएर र दवाएर राख्छन् । यसो गर्नु गलत हो । अटिजमसम्बन्धी समाजको यही गलत बुझाइलाई चिर्न तथा समाजमा यो समस्याको पहिचान र निदान गर्न आवश्यक छ । यो समस्या कुनै पनि जाती, वर्ग र आर्थिक सामाजिक अवस्थाको व्यक्तिहरुमा पनि देखिन सक्छ । अटिजम भएका व्यक्तिहरुलाई साधारण सञ्चार र सामाजिक कठिनाईदेखि जीवन यापनमा सदा अरुको सहायतामा जीउनु पर्ने अवस्था हुन्छ । यो समस्या जति ढिलो थाहा हुन्छ उनीहरुको उपचारमा पनि झन् ढिलो हुनुको साथै अवस्था जटिल हुँदै जान्छ । यस कारण यो समस्या समयमा पहिचान गर्न सकियो भने जटिलता हुनबाट बचाउन सकिन्छ । अटिजम रोग नभएकाले परिवारबाटै सहज वातावरण सिर्जना गरिदिए यो समस्या निदान गर्न सकिन्छ । तसर्थ यसलाई कसैले पनि लुकाएर वा दवाएर नराखौं ।

### Opinion @ Social Network

चाहनाले सबै चिज आफ्नो हुँदैन, हरेक मुस्कुराउत खुसी हुँदैन ।
इच्छा त छन् तर, कहिले समय र कहिले भाग्य सही हुँदैन ।।

*(प्रमिला मगरको फेसबुक स्टाटस https://www.facebook.com/parmila.magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नीति विनाका पार्टी, थिति विनाका नेता



हरि ज्ञवाली

*आफ्नो पद र प्रतिष्ठाका लागि उनले आफ्नो पार्टीको सिद्धान्त, आदर्श, विचार र दृष्टिकोण निरन्तर त्यागेको त्याग्यै छन् । त्यसो त उनी मात्रै होइन, नेपालका सबैजसो राजनीतिक दल र नेताहरूले आफ्नो नितान्त सत्ता स्वार्थका लागि २००७ सालदेखि नै जनताको भावना र आकांक्षामाथि कुठाराघात गर्दै आएको नमिठो इतिहास छ । २००७ सालमा नेपाली कांग्रेसका नेता बीपी कोइरालाको नेतृत्वमा भएको राणाविरोधी सशस्त्र आन्दोलन परस्परविरोधी राजनीतिक शक्तिबीचको अपवित्र मिलनमा टुङ्गियो । आन्दोलनको मर्म र लक्ष्य पूरा नभइकनै जनआन्दोलनको भावना विपरीत राणा-राजा-कांग्रेसको सरकार बन्यो । सत्तास्वार्थकै कारण सशस्त्र आन्दोलनकारीहरूले त्रिपक्षीय सम्झौता मार्फत आफ्नो नीति र सिद्धान्तलाई तिलाञ्जली दिए ।*

केही वर्षयता नेपालको राजनीति नीतिहीन, थितिहीन र अराजक बन्दै गएको छ । राजनीतिक दलहरूका आदर्श, नीति र सिद्धान्त गञ्जागोल भएका छन् । उनीहरूको आफ्नो सिद्धान्त, नीति र राजनीतिक दर्शन हराउँदै गएको छ । यतिबेला हाम्रा राजनीतिक दल र नेताहरूको जनताप्रति न कुनै चासो देखिन्छ न त मुलुकको भविष्यप्रतिको चिन्ता नै । चासो र चिन्ता छ त केवल निरन्तर सत्ता, लाभकारी पद र व्यक्तिगत स्वार्थको मात्र । विडम्बनाको विषय यही हो । राजनीतिक दलका नेताहरूले कहिले कोसँग त कहिले कोसँग सत्ता साझेदारी गरेर आफ्नो नैतिकता, सिद्धान्त, विचार, निष्ठा, इमानदारी र आदर्शको धज्जी उडाउँदै आएका छन् । समग्र राजनीति नै सत्ता र व्यक्तिगत स्वार्थमा केन्द्रित भएपछि मुलुकमा नानाथरी अराजकता, विकृति र विसंगति मौलाउँदै गएका छन् । सबैजसो राजनीतिक दलहरूको उद्देश्य केवल मिलीजुली सत्तामा जाने र राज्यको ढुकुटीमा ब्रह्मलुट मच्चाउने बाहेक अर्को केही देखिंदैन । राजनीति गर्नु नै सरकारमा जानु, मन्त्री बन्नु, देशको अर्थतन्त्रमा रजाइँ गरेर अकुत सम्पत्ति कमाउनु हो भन्ने गलत प्रवृत्ति सबैजसोमा मौलाएको छ । नेपाली जनताका लागि यो नै ठूलो दुर्भाग्य हो ।

नेपाली जनताले आफ्नो सुखद् भविष्यका लागि भन्दै ठूलो त्याग र लामो संघर्ष गर्दै आएका छन् । प्रजातन्त्र प्राप्तिका लागि थुप्रै नेपाली जनता शहीद भए । लोकतन्त्रका लागि सयौंले ज्यान दिए । गणतन्त्रका लागि हजारौंले बलिदानी गरे । संघीयताका लागि धेरैले रगत बगाए । परिणामस्वरूप, देशमा अहिले गणतन्त्र छ । नयाँ संविधान पनि बनेको छ । संघीय मुलुक पनि बनेको छ । देशमा तीन तहको सरकार पनि छ । तर मुलुक र जनताका समस्या भने झन्भन्दा झन् जटिल बन्दैछन् । जनताले भोगेको सास्ती र पीडाप्रति राजनीतिक दल र नेताहरूमा कुनै सहानुभूति देखिंदैन । उनीहरूको दृष्टिमा नेपाली जनताको जीवन र भविष्य प्राथमिकतामा परेको पाइँदैन । सत्ताका लागि अनावश्यक मोलमोलाइ, राजनीतिक धोखाधडी, दलबदल र अपवित्र गठबन्धन जस्ता क्रियाकलाप निरन्तर बढेका बढ्यै छन् । देश र जनताप्रति योभन्दा भद्दा मजाक अरू के हुन सक्ला ? एकथरी नेताहरू सत्ता राजनीतिको वरिपरि केन्द्रित भएर उद्दण्ड र अराजक बनिरहेका देखिन्छन् त अर्कोथरी नेताहरू सत्ताप्राप्तिका लागि नानाथरी हर्कत गर्दै राजनीतिक समस्यालाई झनै बल्झाइरहेका छन् । यतिखेर न कुनै लोकतान्त्रिक संस्थाहरू सफल देखिएका छन् न त कुनै संवैधानिक र कूटनीतिक क्षेत्र नै ।

मुलुकको संसदीय प्रणाली र संवैधानिक निकायका आधारभूत मूल्य, मान्यता तथा मर्मलाई राजनीतिक दल र नेताहरूले आफ्नो स्वार्थअनुकूल प्रयोग गर्दा मुलुक अराजकता र असफलताको गर्तमा जाकिंदैछ । गम्भीर चिन्ताको विषय यही हो ।

**सत्ता स्वार्थ र सैद्धान्तिक विचलनका यी नमूना**

वर्तमान प्रधानमन्त्री एवम् नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपाली राजनीतिको सबैभन्दा अवसरवादी र चतुर खेलाडीको छवि बनाएका छन् । सत्ता स्वार्थका लागि उनले कहिले कोसँग त कहिले कोसँग सत्ता साझेदारी गरेर आफ्नो सिद्धान्त, विचार, निष्ठा, इमानदारी, नैतिकता र आदर्श गुमाएको गुमायै छन् । कम्युनिस्ट राज्यसत्ता स्थापना गर्न भन्दै १७ हजारभन्दा बढी नेपालीको ज्यान जाने गरी १० वर्ष युद्ध लडेका प्रचण्ड आफैंले वर्ग दुस्मन घोषणा गरेका नेपाली कांग्रेसकै आड लिएर पटक-पटक प्रधानमन्त्री भए । २०७४ सालको स्थानीय निर्वाचनमा कांग्रेससँगै सहकार्य गरे । तर, सोही वर्ष प्रदेश र संघको निर्वाचनमा भने कांग्रेसलाई छोडेर वाम गठबन्धनका नाममा एमालेसँग मिल्न पुगे ।

२०७९ सालको निर्वाचनमा कांग्रेसलगायत पाँचदलीय गठबन्धन बनाएर चुनाव जितेका उनी प्रधानमन्त्री बन्न भने एमाले र केपी ओलीकै कित्तामा उभिए । एमाले र केपी ओलीलाई दुई महिनामै धोखा दिएका प्रचण्डले एक वर्षपछि कांग्रेसलाई पनि धोका दिएर पुन: एमालेसँगको सहकार्यमा हाल प्रधानमन्त्री छन् । उनले सत्ता स्वार्थका लागि नेपाली कांग्रेस, एमाले, जसपा, मधेशवादी पार्टी र रास्वपा सबैसँग साझेदारी गर्न सकेकै छन् । आफ्नो पद र प्रतिष्ठाका लागि उनले आफ्नो पार्टीको सिद्धान्त, आदर्श, विचार र दृष्टिकोण निरन्तर त्यागेको त्याग्यै छन् । त्यसो त उनी मात्रै होइन, नेपालका सबैजसो राजनीतिक दल र नेताहरूले आफ्नो नितान्त सत्ता स्वार्थका लागि २००७ सालदेखि नै जनताको भावना र आकांक्षामाथि कुठाराघात गर्दै आएको नमिठो इतिहास छ । २००७ सालमा नेपाली कांग्रेसका नेता बीपी कोइरालाको नेतृत्वमा भएको राणाविरोधी सशस्त्र आन्दोलन परस्परविरोधी राजनीतिक शक्तिबीचको अपवित्र मिलनमा टुङ्गियो । आन्दोलनको मर्म र लक्ष्य पूरा नभइकनै जनआन्दोलनको भावना विपरीत राणा-राजा-कांग्रेसको सरकार बन्यो । सत्तास्वार्थकै कारण सशस्त्र आन्दोलनकारीहरूले त्रिपक्षीय सम्झौता मार्फत आफ्नो नीति र सिद्धान्तलाई तिलाञ्जली दिए । दुई विपरीत राजनीतिक सिद्धान्त र लक्ष्य लिएकाहरूको यो अस्वाभाविक मिलनको एकमात्र कारण थियो नेपाली कांग्रेसका शीर्ष नेताहरूको सत्तास्वार्थ र सरकारमा मन्त्री बन्ने तीव्र महत्वाकांक्षा । २०१७ सालमा राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको सरकार अपदस्थ गरी पञ्चायत व्यवस्था लागू गरे । बीपी कोइरालाको सरकारका परराष्ट्रमन्त्री एवम् नेपाली कांग्रेसका महामन्त्री तुलसी गिरी र संसदीय दलका मुख्य सचेतक विश्वबन्धु थापाले राजाको जनविरोधी कदमलाई सहर्ष साथ दिए । बीपी कोइरालाको पालामा परराष्ट्रमन्त्री भएका तुलसी गिरी पञ्चायत पसेपछि प्रधानमन्त्री भए । नेपाली कांग्रेसका महामन्त्रीले नै आफ्नो नीति र सिद्धान्तलाई तिलाञ्जली दिएर राजाको कदमलाई स्वागत गर्नु नेपाली कांग्रेसको सैद्धान्तिक हार हो वा गिरीको नैतिक पतन ? यथार्थ विश्लेषण अझै भएको छैन । २०१७ सालमै नेपाल कम्युनिस्ट पार्टीका महासचिव केशरजंग रायमाझीले सिङ्गो पार्टीलाई धोका दिई पञ्चायती व्यवस्थालाई समर्थन गरे । कम्युनिस्ट पार्टीको महासचिव नै पञ्चायती व्यवस्थामा राजपरिषद् स्थायी समितिको सभापति हुनु कम्युनिस्ट आन्दोलनप्रति सामान्य खालको गद्दारी थिएन । यो सत्तास्वार्थ रायमाझी मात्रको थियो वा तत्कालीन कम्युनिस्ट पार्टीको अपरिपक्वता र सैद्धान्तिक विचलन पनि ? नेतृत्व गलत व्यक्तिका हातमा पुग्दा पार्टी कसरी धरासायी हुन्छ भन्ने गहन विश्लेषण कम्युनिस्ट पार्टीले गरे कि गरेनन् ? सूक्ष्म समीक्षा हुनुपर्छ । २०५१ सालको मध्यावधि निर्वाचनमा त्रिशंकु संसद् बनेपछि समस्या थप बल्झिए । मनमोहन अधिकारी नेतृत्वको एमालेको नौ महिने सरकारपछि बनेका सिद्धान्तहीन गठबन्धनहरूले मुलुकलाई झनै अराजकतातर्फ धकेले । संयुक्त मोर्चा बनाएर पञ्चायत विरुद्ध सँगसँगै आन्दोलनमा होमिएका नेपाली कांग्रेस र कम्युनिस्टले तिनै प्रतिगामी शक्ति राप्रपाका नाइके सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दलाई पालैपालो प्रधानमन्त्री बनाउँदा एमाले, कांग्रेसको राजनीतिक सिद्धान्त र आदर्शको धरातल कहाँ पुग्यो ? आत्मालोचना गर्नैपर्छ । २०५९ सालमा राजा ज्ञानेन्द्र शाह विरुद्ध नेपाली कांग्रेस, एमाले, जनमोर्चा, नेमकिपा र सद्भावना पार्टी सडकमा आन्दोलनमा थिए । ठीक त्यही बेला 'प्रतिगमन आधा सच्चियो' भन्दै नेकपा एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाल राजा ज्ञानेन्द्रको प्रतिगामी सरकारमा सामेल भए । आखिर महासचिव माधवकुमार नेपाल त्यतिबेला एमाले पार्टीको कुन नीति, सिद्धान्त र कार्यक्रमका आधारमा प्रतिगामी सरकारमा सामेल भए ? कुरा रहस्यमय छ । माधवकुमार नेपालको मन्त्री बन्ने व्यक्तिगत महत्वाकांक्षा र लालसा नै सिङ्गो कम्युनिस्ट आन्दोलनको उद्देश्य र लक्ष्य थियो ? उनी त्यतिबेला कारबाहीको भागीदार किन भएनन् ? समीक्षाको विषय हो ।

नेकपा माओवादीले कम्युनिस्ट राज्यसत्ता स्थापना गर्न भन्दै १० वर्षसम्म युद्ध लड्यो । १७ हजारभन्दा बढी नेपालीको ज्यान गयो । खर्बौंका भौतिक संरचना ध्वस्त भए । कम्युनिस्ट राज्यसत्ता नल्याइकन अन्तत: माओवादी २०६३ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकारमा सामेल भयो । आफैंले वर्ग दुस्मन घोषणा गरेको कांग्रेसकै नेतृत्वमा सामेल हुँदा माओवादीले रट्दै आएको वर्गवादी सिद्धान्त र कम्युनिस्ट राज्यसत्ता कहाँ गयो ? अब प्रश्न गर्नैपर्ने भएको छ । यी र यस्ता तमाम घटनाक्रमले नेपालका राजनीतिक पार्टी र नेताहरूले राजनीतिका नाममा अपरिपक्व र असैद्धान्तिक खालका सत्ता-उन्मुख गतिविधि गरिरहेको पुष्टि हुन्छ । दल र नेताहरूका सत्तालक्षित क्रियाकलापहरूले नेपालको लोकतान्त्रिक गणतन्त्र र दलीय पद्धतिलाई कुरुप र बदनाम बनाइदिएको छ । यसर्थ, अबको राजनीतिका विषयमा राजनीतिक दल, नागरिक समाज र व्यक्तिले गम्भीर भएर सोच्नु जरूरी देखिन्छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : आज कुनै कुराले मन प्रसन्न रहने छ । नयाँ र शुभकार्यको चर्चा चल्नेछ ।
**वृष** : मन सम्हाल्न आवश्यक हुनेछ । सौन्दर्यतामा धन खर्च हुनेछ ।
**मिथुन** : घर परिवार तथा आफन्तबीचको सम्बन्धमा सुधार भएर जानेछ ।
**कर्कट** : इनाम कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ ।
**सिंह** : आज मनमा उत्साह छाउने छ । कला प्रभाव बढ्नेछ ।
**कन्या** : मन खिन्न हुने स्थिति आउने छ । कार्य सम्पादनमा सहजता नमिल्ला ।
**तुला** : बन्धु बान्धवबाट सहयोग मिल्ने छ । प्रेममा सफलता प्राप्त हुनेछ ।
**वृश्चिक** : दुष्ट व्यक्तिको सङ्गतले आत्मघाती काम गर्न पुगिएला ।
**धनु** : माया प्रेममा सामीप्यता बढेर जाने छ । शुभ समाचार सुन्न पाइएला ।
**मकर** : अधुरो काम बन्नेछ । धार्मिक र सांस्कृतिक कार्यमा सरिक भइनेछ ।
**कुम्भ** : शुभ समाचार सुन्न पाइएला, तर शेयर बजारमा घाटा होला ।
**मीन** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजग रहनु होला ।



# बालबालिकाका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध




आजकल, सामाजिक सञ्जाल यस्तो चीज भएको छ, जुन सबै उमेरका मानिसहरूलाई चाहिन्छ, चाहे त्यो बच्चा, युवा वा वृद्ध सबैलाई आवश्यक छ । तर, बालबालिकाले सामाजिक सञ्जालमा आफ्नो उमेरभन्दा बाहिरका कुराहरू देख्छन्, जसले उनीहरूको मानसिक विकासमा नकारात्मक असर पार्छ । यो सम्भावना हटाउन अमेरिकाको फ्लोरिडामा ऐतिहासिक कदम चालिएको छ । वास्तवमा, फ्लोरिडाले १४ वर्ष मुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा कडा प्रतिबन्ध लगाएको छ । फ्लोरिडाका गभर्नर रोन डिसेन्टिसले १४ वर्ष मुनिका नाबालिगहरूलाई सामाजिक सञ्जालमा खाता खोल्न प्रतिबन्ध लगाउने विधेयकमा हस्ताक्षर गरेका छन् ।

अमेरिकाका अन्य धेरै राज्यहरूमा पनि यस्तै प्रयासहरू भएका छन् र ती प्रयासहरूलाई अदालतमा चुनौती दिइएको छ तर फ्लोरिडाका गभर्नरले यो विधेयकमा हस्ताक्षर गरेका छन् । फ्लोरिडामा १४-१५ वर्षका बच्चाहरूलाई मेटा प्लेटफर्म र टिकटकमा आफ्नो खाता बनाउनको लागि अभिभावकको अनुमति लिनु पर्छ । यो फ्लोरिडा कानून राज्यका सबै बालबालिकाहरूमा लागू हुन्छ । पहिचान कागजातहरू उनीहरूको उमेर प्रमाणित गर्न आवश्यक छ । यद्यपि, ठूला बच्चाहरूमा यस्तो कुनै प्रतिबन्ध लगाइएको छैन । फ्लोरिडाका गभर्नर रोन डिसेन्टिसले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, ‘सामाजिक सञ्जालले बालबालिकालाई धेरै किसिमले हानी पुऱ्याउँछ । उनले भने कि यो नयाँ कानून हाउस बिल ३ को रूपमा चिनिन्छ, जसले आमाबाबुलाई प्रदान गर्दछ, आमा बुबाहरूलाई आफ्ना बच्चाहरूको सुरक्षा गर्न थप क्षमता दिन्छ ।’ सोशल मिडियामा उपस्थित यौन सामग्रीले युवाहरूको मानसिक स्वास्थ्यमा स्पष्ट रूपमा नकारात्मक असर गरिरहेको छ र उनीहरूलाई यी खराब प्रभावहरूबाट बचाउन फ्लोरिडामा यो कानून बनाइएको छ । अर्कान्सास र ओहायो जस्ता राज्यहरूले पनि कानुन बनाएका छन्, जसमा नाबालिगहरूलाई सोशल मिडिया खाताहरूको लागि अभिभावकको स्वीकृति लिन आवश्यक छ ।

नेट च्वाइस नामको समूहले मेटा, टिकटक र अल्फाबेट इन्कको कम्पनी गुगलको तर्फबाट अदालतमा वकालत गरिरहेको छ । यस समयमा नेट चोइसले फ्लोरिडाका गभर्नर डेसेन्टिसलाई आफ्नो बिललाई भिटो गर्न अदालतमा आग्रह गरेको थियो । मेटा, टिकटक र गुगलका लागि वकिल समूहहरूले भने कि यो असंवैधानिक थियो र फ्लोरिडियनको सुरक्षामा प्रभावकारी साबित हुनेछ । बालबालिकाका लागि बनेको यो नयाँ कानूनलाई भिटो गरे पछि गभर्नर रोन डिसेन्टिसले फ्लोरिडामा १४ वर्ष मुनिका बालबालिकालाई जनवरी १, २०२५ देखि सामाजिक सञ्जाल प्लेटफर्महरूमा खाता खोल्न अनुमति नदिने घोषणा गरेका छन् । नयाँ कानून अन्तर्गत सोशल मिडिया प्लेटफर्महरूले १४ वर्ष मुनिका बच्चाहरूको अवस्थित खाताहरू हटाउनु पर्छ । यद्यपि, खातावालाहरूसँग खाता मेटाउन ९० दिनको समय हुनेछ । र, १४ र १५ वर्षका बालबालिकाले अभिभावकको सहमतिमा सामाजिक सञ्जाल खाताहरू बनाउन सक्छन् । यदि एक प्लेटफर्मले अभिभावक वा अभिभावकको अनुरोधमा खाता मेटाउँदैन भने यसलाई प्रति उल्लैन १० हजार अमेरिकन डलरसम्म जरिवाना गर्न सकिन्छ । यदि प्लेटफर्मले कानूनको प्रावधानहरूको पालना गर्न असफल भएको खण्डमा फ्लोरिडाको कानूनी मामिला विभागले प्रति उल्लैन ५० हजार डलर सम्मको नागरिक दण्ड लगाउन सक्छ ।

*-डिसी नेपाल डटकम*


# के हो एक्समा भाइरल भइरहेको ‘क्लिक हियर’ ट्रेन्ड




सामाजिक सञ्जाल एक्स पहिलेको ट्विटरमा अहिले ‘क्लिक हियर’ लेखेको फोटो पोस्ट गर्ने ट्रेन्ड चलेको छ । कयौं प्रयोगकर्ताहरुले पोस्ट गरिरहेको त्यस्तो फोटोमा मुनी बायातर्फ क्लिक गर्न संकेत गर्दै ‘क्लिक हियर’ भनेर लेखिएको छ । यो के हो र किन पोस्ट गरिरहेका छन् भन्ने जिज्ञासा धेरै प्रयोगकर्तामा छ । यो एक्समा पोस्ट गरिएको फोटोबारे विवरण वा जानकारी राख्न मिल्ने फिचर हो ।

एक्समा कुनै पनि फोटो पोस्ट गर्दा ‘एड डिस्क्रिप्सन’ अथवा ‘अल्टरनेटिभ टेक्स्ट-अल्ट’ भन्ने अप्सनमा गएर फोटोबारे जानकारी राख्न सकिन्छ । फोटो पोस्ट गरिसकेपछि फोटोको मुनि बाँयातर्फ हुने अल्ट लेखिएको बटनमा क्लिक गर्दा सोही अल्टरनेटिभ टेक्स्ट देखिन्छ । फोटोबारेको यो विवरण एक हजार अक्षरसम्म लेख्न मिल्छ । यस फिचर आँखाको समस्या भएका प्रयोगकर्तालाई लक्षित गर्दै ट्विटरले केही वर्षअघि नै ल्याएको थियो । तर अहिले यसले चर्चा पाइरहेको छ । यसले टेक्स्ट-टू-स्पिच रिकग्निसन (लेखिएको कुरा आवाजमा बदल्ने उपकरण)का माध्यमबाट फोटोबारे लेखिएको कुरा थाहा पाउन मद्दत गर्छ । *-बाह्रखरी डटकम*

# अब लिंक्डइनमा पनि सर्ट भिडियो




पछिल्लो समय सर्ट भिडियोको माग बढेको छ । फेसबुक, इन्टाग्राम होस् वा युट्युब सबैमा सर्ट भिडियो निकै हेरिन्छ । अब इन्स्टाग्राम र फेसबुकमा जस्तै लिंक्डइनमा पनि छोटो भिडियोहरू हेर्न पाइने भएको छ । टेकक्रञ्चले छापेको खबर अनुसार कम्पनीले छोटो भिडियो ढाँचाहरूको परीक्षण गरिरहेको छ । परीक्षण पछि प्रयोगकर्ताका फिडमा छोटो भिडियोहरू देखिने छन् ।

अहिलेसम्म लिंक्डइनमा ल्यान्डस्केप स्टाइलमा भिडियोहरू मात्रै देखाइन्थ्यो । अन्य सामाजिक सञ्जाल प्लेटफर्महरूमा सर्ट भिडियोको सफलतापछि कम्पनीले यस्ता भिडियोहरू ल्याउने विचार गरिरहेको छ । नयाँ अपडेट पछि लिंक्डइनमा छोटो भिडियोहरूको लागि छुट्टै ट्याब देखिनेछ । अहिले बिटा प्रयोगकर्ताहरूले मात्र यो फिचर चलाइरहेका छन् । लंक्डइनले भिडियो गेम ल्याउने योजना पनि बनाइरहेको भन्दै केही अघि समाचार आएको थियो । समाचारका अनुसार लिंक्डइन प्रयोगकर्ताहरूले अनलाइन गेम खेल्ने विकल्प पनि पाउनेछन् । खेलको नाम क्वीन्स, इन्फरेन्स र क्रसक्लाइम्ब भएको बताइएको छ । लिंक्डइनका प्रवक्ताले पनि गेमको सुविधा ल्याउन लागिएको पुष्टि गरेका थिए । तर यो फिचर कहिले लन्च हुन्छ भनेर चाहिँ उनले कुनै जानकारी दिएनन् ।

*-रातोपाटी डटकम*

# विश्वको सबैभन्दा धेरै जनसंख्या भएको मुलुकमा टिकटक बन्द भएपछि के भयो ?




***सन् २0२0 को जुनमा चीन र भारतबीचको सीमाक्षेत्रमा कम्तिमा २0 जना भारतीय सेनाको ज्यान जानेगरी भएको हिंसात्मक भिडन्तपछि भारत सरकारले एक्कासी टिकटक तथा अन्य धेरैवटा लोकप्रिय चिनियाँ एपहरुमाथि प्रतिबन्ध लगायो । दिल्लीस्थित प्रविधिसम्बन्धी वेबसाइट मिडियानामाको संस्थापक निखिल पाहवा भन्छन् – के कुरा बुझ्नु आवश्यक छ भने भारतले टिकटक लगायतका विभिन्न चिनियाँ एपहरु प्रतिबन्ध गरिरहँदा त्यो निर्णयको प्रसंशा गर्नेमा अमेरिका पहिलो थियो । तत्कालीन अमेरिकी विदेशमन्त्री माइक पोम्पियोले उक्त प्रतिबन्धलाई स्वागत गर्दै त्यसले भारतको सार्वभौमसत्तालाई बढावा दिने बताएका थिए ।***

अमेरिकी प्रयोगकर्ताहरु अत्यन्तै लोकप्रिय सोसल मिडिया एप टिकटक प्रतिबन्धित हुने कुराले चिन्तित भइरहेको बेला उनीहरुले विश्वको अर्को भागमा रहेको एउटा देशबाट पाठ सिक्न सक्दछन् । अमेरिकी तल्लो सदनले एउटा विधेयक पारित गऱ्यो जसले अमेरिकाभर टिकटक प्रतिबन्ध हुनसक्छ । यद्यपि यो चिनियाँ एप अमेरिकीहरुको फोनबाट तत्कालै हराउने छैन तर टिकटक प्रतिबन्धित हुने हल्लाले १७ करोड अमेरिकी प्रयोगकर्ताहरु गहिरोगरी झस्किएका छन् । तर यहाँनेर अमेरिकीहरुले थाहा पाउनुपर्ने कुरा के छ भने टिकटकविहीन दुनियाँमा पनि बाँच्न र रहन सम्भव छ । यसका लागि विश्वको सबैभन्दा धेरै जनसंख्या भएको देशलाई सोध्नुहोस् । सन् २०२० को जुनमा चीन र भारतबीचको सीमाक्षेत्रमा कम्तिमा २० जना भारतीय सेनाको ज्यान जानेगरी भएको हिंसात्मक भिडन्तपछि भारत सरकारले एक्कासी टिकटक तथा अन्य धेरैवटा लोकप्रिय चिनियाँ एपहरुमाथि प्रतिबन्ध लगायो ।

दिल्लीस्थित प्रविधिसम्बन्धी वेबसाइट मिडियानामाको संस्थापक निखिल पाहवा भन्छन् - के कुरा बुझ्नु आवश्यक छ भने भारतले टिकटक लगायतका विभिन्न चिनियाँ एपहरु प्रतिबन्ध गरिरहँदा त्यो निर्णयको प्रसंशा गर्नेमा अमेरिका पहिलो थियो । तत्कालीन अमेरिकी विदेशमन्त्री माइक पोम्पियोले उक्त प्रतिबन्धलाई स्वागत गर्दै त्यसले भारतको सार्वभौमसत्तालाई बढावा दिने बताएका थिए । अचानक टिकटक बन्द गर्ने भारत सरकारको निर्णयले त्यतिबेला २० करोड भारतीय टिकटक प्रयोगकर्तालाई स्तब्ध बनाएको थियो । तर, त्यसपछिका ४ वर्षमा धेरै भारतीय प्रयोगकर्ताले अन्य उपयुक्त विकल्प फेला पारिसकेका छन् । निखिल पाहवा भन्छन्- टिकटकमाथिको प्रतिबन्धले अर्बौं डलरको अवसर सिर्जना गऱ्यो । २० करोड प्रयोगकर्ताहरु कतै त जानु पर्थ्यो । अनि त्यस अवस्थामा नयाँ सुविधाहरु सहित आएका अमेरिकी प्रविधि कम्पनीहरुले उक्त अवसरलाई कब्जा गरे ।

**टिकटक बिनाको जीवन**

प्रतिबन्ध पीडाविहीन भने थिएन । प्रतिबन्धपछि महिनौंसम्म भारतीय टिकटक प्रयोगकर्ताहरु द्विविधा र पीडासँग जुध्नुपऱ्यो । सन् २०२० सम्ममा कडा कोभिड प्रतिबन्धको दबाबबाट केही राहत पाउने माध्यमको रुपमा भारतीयहरुको बीचमा टिकटक व्यापक रुपमा लोकप्रिय बनेको थियो । ‘भारतमा सबैजना बलिउड स्टार बन्न चाहन्छन् र टिकटकले स साना गाउँ तथा सहरसम्मका मानिसहरुलाई समेत रातारात चर्चित स्टार बनाइदिएर उक्त सपनालाई सम्भव बनाइदियो’, बैंगलोरस्थित मार्केटिंग प्लाटफर्म भाइरालोका प्रमुख सप्तरी राय बताउँछन् । तर, उनीहरुको रचनात्मकता र व्यवसायिक उपक्रमहरुका लागि अन्य मार्ग प्रसस्त हुनमा लामो समय लागेन । उक्त रिक्तता पूरा गर्नका लागि दिग्गज अमेरिकी प्रबिधि कम्पनीहरु र घरेलु कम्पनीहरुबीच क्रूर संघर्ष सुरु भयो । प्रतिबन्धको एक हप्ताभित्रैमा मेटा स्वामित्वको इन्स्टाग्रामले टिकटकको कपीक्याटको रुपमा रहेको रील्स भारतमा लञ्च गऱ्यो ।


त्यस्तै गुगलले आफ्नो शर्ट भिडियो सर्भिस युट्युब शर्टस् जारी गऱ्यो । टिकटक प्रतिबन्धपछि एमएक्स टकाटक तथा मोज जस्ता घेरेलु विकल्पहरुको लोकप्रियतामा पनि वृद्धि भयो र ती कम्पनीमा लगानीको ओइरो लाग्यो । तर, विस्तार भइरहेका अमेरिकी कम्पनीहरुको पहुँच, वित्तिय क्षमतासँग तुलोमा आउन नसक्दा ती स्थानीय स्टार्टअपहरु छिटै हराएर गए । गुगलका प्रवक्ताका अनुसार युट्युबले सन् २०२२ मा मात्रै भारतीय अर्थतन्त्रमा करिब २ अर्ब डलरको योगदान गरेको थियो । भारतीय कन्टेन्ट क्रियटर्सले टिकटकका लागि तयार पारेका पूराना भिडियोहरु तीव्र रुपमा इन्स्टाग्राम र युट्युब शर्टस्मा स्थानान्तरण गर्न थाले । रायका अनुसार कतिपय सोसल मिडिया इन्फ्लुएन्सरहरुले त दिनमै सातवटा सम्म रील्स अपलोड गरिरहेका थिए र एक वर्षमै ४० देखि ५० लाखसम्म सब्सक्राइबर हाँसिल गरेका थिए । तर ती प्लाटफर्ममा उल्लेख्य फलोअर्स सिर्जना गर्न सबैले सकेनन् । मार्केटिंग तथा व्यवस्थापन कम्पनी ओप्राहएफएक्सका कार्यकारी निर्देशक क्लेड फर्नान्डेज भन्छन्- टिकटक प्रतिबन्धपछि धेरै प्रयोगकर्ता तथा सर्जकहरु गहिरो तथा अँध्यारो क्षेत्रमा खस्किए र त्यसमध्ये धेरैजसो त अहिलेसम्मपनि बौरिन सकेका छैनन् । टिकटकमा जोकोहीले प्राप्त गर्ने फलोअर्स तथा दर्शकको मात्रा अन्य कुनै पनि प्लाटफर्मसँग तुलना हुन सक्दैन ।

**सुरक्षाको कुरा के छ त ?**

चीन सरकारले टिकटकको मातृ कम्पनी बाइटडान्सलाई अमेरिकी प्रयोगकर्ताका डेटा हस्तान्तरण गर्नका लागि बाध्य पार्नसक्ने भन्दै अमेरिकी अधिकारी तथा सांसदहरुले लामो समयदेखि चासो व्यक्त गर्दै आएका छन् । तथापि साइबरसुरक्षा विज्ञहरु भने टिकटकले राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न गरेको भन्ने आरोप एक हदसम्म काल्पनिक रहेको बताउँछन् । त्यस्तै भारतीय विज्ञहरु पनि भारतीय डिजिटल जीवनबाट टिकटकको बहिर्गमनले सुरक्षित साइबर स्पेसको सिर्जना नगरेको बताउँछन् । विज्ञ भन्छन्- टिकटकको प्रतिबन्धले मात्रै साइबर सुरक्षाको क्षेत्रमा रहेको खतरालाई निस्तेज पारेको छैन । जबसम्म प्रयोगकर्तामा आफ्नो फोनमा रहेका सफ्टवेयरहरुका बारेमा सचेतना हुँदैन र खुल्ला इन्टरनेटबाट आफूले के डाउनलोड गर्छु भन्ने हेक्का हुँदैन, तबसम्म यस्तो खतराको वातावरणमा परिवर्तन हुन सक्दैन । अमेरिकी सांसदहरु प्नि प्रोपोगान्डा, गलत सूचना तथा अमेरिकीहरुलाई प्रभाव पार्ने कार्यमा टिकटकलाई बेइजिङले साधनको रुपमा प्रयोग गर्नसक्ने खतरा रहेको बताउँछन् । तर, टिकटकको प्रतिबन्धले भारतीयहरुलाई यस्ता खतराबाट बँचाउन सकेको छैन । विभिन्न सामग्रीहरु तथा गलत सूचनाको माहोलको सन्दर्भमा हामीले टिकटक हुँदा वा नहुँदा पनि डिपफेक आदिजस्ता गम्भीर मुद्दाहरुसँग जुध्नु पर्दछ । त्यसैले समग्रमा टिकटक समस्याग्रस्त थियो भन्ने प्रमाणित भएको मान्दा जोखिम परिदृश्यको कुन हिस्सा उल्लेख्य रुपमा परिवर्तन भयो भन्ने कुरा हेर्न कठिन छ ।

*-अनलाइन खबर डटकम*

# अर्याललाई किसान महासंघ पाल्पा अध्यक्षको जिम्मेवारी





**पाल्पा,** चैत १९/नेपाली काँग्रेसको भ्रातृ संगठन नेपाल किसान महासंघ पाल्पामा अध्यक्षको जिम्मेवारी जगन्नाथ अर्याललाई दिइएको छ । जिल्लाको शैक्षिक, सामाजिक, राजनीतिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका अर्याललाई नेपाल किसान महासंघ केन्द्रीय कार्यालयले अध्यक्षको जिम्मेवारी दिएको हो ।

पाल्पाको रम्भा गाउँपालिका-१ हुँगीका सक्रिय किसान समेत रहेका उनलाई महासंघले जिल्ला अध्यक्षमा मनोनयन गरी जिम्मेवारी प्रदान गरेको छ । महासंघका केन्द्रीय अध्यक्ष गणेश चन्द्र तिम्लिसिनाले अर्याललाई महासंघको संगठन विस्तार एवं आगामी जिल्ला अधिवेशन तोकिएको समयमा सम्पन्न गर्ने गरी अध्यक्षमा मनोनयन गरेका हुन् । नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले महासंघले मनोनयन गरेको पत्र अर्याललाई हस्तान्तरण गरेका छन् । पत्र हस्तान्तरण गर्दै सभापति श्रेष्ठले एक इमान्दार, लामो समय काँग्रेसमा योगदान दिएका पुराना र सक्रिय व्यक्तिको रुपमा मल्याङ्कन गरेर महासंघले जिल्लाको जिम्मेवारी प्रदान गरेको बताए । उनले किसानहरुको हितमा इमान्दारीताका साथ काम गर्न र संगठन विस्तारमा लाग्न अध्यक्ष अर्याललाई आग्रह समेत गरे ।

जिल्ला अध्यक्षमा मनोनीत भएका अर्यालले जिम्मेवारी अनुरुप काम गर्ने बताएका छन् । एनजेडीसँगको कुराकानीमा उनले साना मझौला तथा ठूला सबै किसानहरुको हकहितका निमित्त निरन्तर लडिरहेने प्रतिवद्धता व्यक्त गरे । अध्यक्ष अर्यालले केन्द्रले तोकेकै समयमा जिल्लाका सम्पुर्ण वडा, पालिका, प्रदेश र संघीय निर्वाचन क्षेत्रहरूको अधिवेशन गराई संगठन विस्तारमा सक्रिय भएर लाग्ने पनि बताए । उनी लामो समय शिक्षण पेशासँगै किसानी कार्यमा समेत आवद्ध रहे । अर्यालल अहिले पनि सफल किसानका रुपमा परिचित छन् । उनका बुवा बोधराज अर्याल नेपाली काँग्रेसका सक्रिय नेता थिए । बुवा कै राजनीतिक पृष्ठभूमिका हुर्किएका उनी पार्टीको उच्च पदमा नरहे पनि विभिन्न तह र तप्कामा रहेर संगठन विस्तारमा भने महत्वपूर्ण योगदान दिर्दै आएका छन् । उनले नेपाली काँग्रेसको प्रशिक्षण र शिक्षा विभागमा सदस्यको कुशल जिम्मेवारी समेत निर्वाह गर्दै आएका छन् ।

# नेपाल विद्यालय कर्मचारी परिषद् पाल्पाको भेला

कृष्ण पोखरेल



**पाल्पा,** चैत १९/नेपाल विद्यालय कर्मचारी परिषद् पाल्पाको जिल्ला भेला तानसेनमा भएको छ । परिषद्लाई थप प्रभावकारी र सशक्त बनाएर लैजान परिषद्ले भेला आयोजना गरेको हो ।

भेलामा परिषद्का जिल्ला अध्यक्ष श्रीधरप्रसाद पाण्डेले गत बर्षको आन्दोलन उपलब्धिका रूपमा रहेको विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक-२०८० संसदबाट प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पुगी छलफलमा रहेको बताए । कार्यक्रममा सरकारले विद्यालय कर्मचारीहरुसँग गरेका सहमतिहरु पूर्ण रुपमा कार्यान्वयन हुनु पर्ने अन्यथा कर्मचारीहरु पुन: आन्दोलनम उत्रिने अध्यक्ष पाण्डेले जोड दिए । जिल्ला अध्यक्ष पाण्डेले परिषदले गरेका वार्षिक गतिविधिहरु प्रस्तुत गरेका थिए । भेलामा परिषदका जिल्ला सदस्यहरु कमल ज्ञवाली र कमल पल्लीले विद्यालय कर्मचारीहरुका मागहरु पुरा नहुँदासम्म संस्थाले निरन्तर दवावमुलक अभियानहरु सञ्चालन गरिरहनु पर्नेमा जोड दिएका थिए । भेलामा जिल्लाका १० वटै पालिकाकाबाट सहभागी परिषद्का पालिका अध्यक्षहरुले आ-आफ्नो क्षेत्रमा भएका गतिविधीहरु जानकारी गराएका थिए । भेलामा शुभकामना सन्देश पठाउँदै नेपाल विद्यालय कर्मचारी परिषद्का केन्द्रीय अध्यक्ष गंगाराम तिवारीले विद्यालयमा लामो समयदेखि काम गर्दै आएका कर्मचारीहरु माथि सरकारले विभेद, अन्याय, अत्याचार, शोषण गरेकाले न्यायिक अधिकारको लागि संस्था सधैं सक्रिय भएर लागेको जनाएका छन् । पाल्पामा ५ सय १६ जना विद्यालय कर्मचारीहरुले काम गर्दै आएका छन् । सरकारले माध्यमिक विद्यालयलमा एक जना लेखापाल, कार्यालय सहयोगी, आधारभुत र प्राथमिक तहमा एक जना कार्यालय सहयोगीको रुपमा कर्मचारी राख्ने व्यवस्था रहेको छ । परिषदका जिल्ला अध्यक्ष श्रीधर प्रसाद पाण्डेको अध्यक्षता जिल्ला सचिव युवराज पौडेलको सञ्चालनमा कार्यक्रम भएको थिए ।


## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०८०/१२/१६**

यस पाल्पा टेक्नीकल ईन्स्टिच्युट तानसेन-२, पाल्पाको लागी १ (एक) जना तपसिलमा उल्लेखीत कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक योग्य उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस ईन्स्टिच्युटमा आई दरखास्त दिनु हुन जानकारी गराइन्छ ।

**तपसिल :**

**पद :** कम्प्युटर अपरेटर, **संख्या :** १

**उमेर :** २५ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको, **दरखास्त दस्तुर :** रु ५००/-

**तलब :** ईन्स्टिच्युटको नियमानुसार

**परीक्षाको किसिम :** लिखित प्रयोगात्मक तथा अन्तरवार्ता

**दरखास्त बुझाउने मिति :** २०८० चैत्र २२ गतेसम्म

**न्युनतम शैक्षिक योग्यता :** १. व्यवस्थापन संकायबाट प्रमाण पत्र तह उत्तिर्ण ।
२. कम्प्युटरमा डिप्लोमा गरेको, Word, Excel र सफ्टवेर चलाउन सक्ने,
३. अंग्रेजी र नेपाली टाईपीङ्गमा दक्ष हुनुपर्ने । ४.लेखा सम्बन्धी काम जानेको ।
५.ड्राईभिङ्ग लाईसेन्स भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. निवेदन तथा वायोडाटा (Bio-Data) - १/१ प्रति
२. नेपाली नागरीकताको प्रतिलिपि -१ प्रति
३. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु -१/१ प्रति
४. कम्प्युटर तालिम लिएको प्रमाण पत्रको प्रतिलिपिहरु -१/१ प्रति
५. अन्य अनुभव भए त्यसको प्रतिलिपिहरु -१/१ प्रति
६. परिक्षा मिति सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
तानसेन ०२, मेहलधारा पाल्पा
फोन नं. ०७५-५२०७१४


## खेलकुद समाचार

# आयरल्याण्ड ए माथि नेपाल एको जित



**काठमाडौं,** चैत १९/नेपाल ए ले तेस्रो टी-२० खेलमा आयरल्याण्ड ए माथि ३ रनको जित हात पारेको छ । तीन खेलको सिरिज भने नेपालले २-१ ले गुमाएको छ । २१४ रनको लक्ष्य पछ्याएको आयरल्याण्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै २१० रन बनायो । आयरल्याण्डका ग्यारेथ डेलानीले ३७ बलमा ५ चौका र ५ छक्कासहित सर्वाधिक ६८ रन बनाए । मोर्गन टोपिङ ३७ बलमा ४ चौका र ४ छक्कासहित ६० रनमा पवन सरार्फबाट लङअनमा क्याच आउट भए । एक समय ७.१ ओभरमा ५२/४ को अवस्थामा पुगेको आयरल्याण्डलाई पाचौं विकेटका लागि मोर्गन र ग्यारेथ डेलानीले १२९ रनको शानदार शतकीय साझेदारी गर्दै जितको आशा कायम राखेका थिए । आयरल्याण्ड ए का ओपनर रस आडैरले १४ बलमा ५ चौका र १ छक्कासहित ३१ र तथा फिन ह्यान्ड २२ रनमा आउट भए । अन्तिम ओभरमा २० रन चाहिँदा राशिद खानले १६ रन खर्चेर १ विकेट लिँदै नेपाललाई रोमान्चक जित दिलाए ।

नेपालको जितमा विपिन खत्रीले ४ ओभरमा १ मेडनसहित २३ रन खर्चेर ३ विकेट लिए । नारायण जोशी, कमलसिंह ऐरी र रासिद खानले १/१ विकेट लिए । त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको नेपालले २० ओभरमा ७ विकेट गुमाउँदै २१३ रन बनाएको थियो । नेपालको जितमा आरिफ शेखले ४७ बलमा ७ चौका र ६ छक्कासहित ९३ रनको अविजित इनिङ खेलेका थिए । तीव्र गतिका बलर कमलसिंह ऐरीले अन्त्यमा ७ बलमा २ चौका र १ छक्कासहित महत्वपूर्ण १९ रन जोडेका थिए । नेपालले ओपनर लोकेश बमलाई ८, देव खनाललाई ६ र विनोद भण्डारीलाई ११ रनमा गुमाएको थियो । चौथो विकेटका लागि बसिर अहमद र आरिफ शेखले ४७ रनको साझेदारी गरेका थिए । बसिर २१ बलमा ३ चौकासहित १९ रनमा एलबीडब्लू आउट भए । पवन सरार्फ १३ र नारायण जोशी १ रनमा आउट भए । रासिद खानले १३ बलमा ३ छक्कासहित महत्वपूर्ण २४ रन जोडेका थिए । आयरल्याण्डका फिन ह्यान्डले २, लियाम म्याकार्थी, म्याथ्यु फस्टर, ग्यारेथ डेलानी र गेभिन होईले १/१ विकेट लिए । नेपाल सुरुवाती दुई खेल २१ रन र ४० रनले पराजित हुँदा सिरिज गुमाइसकेको छ । आयरल्याण्ड ए र नेपाल ए बीच अब एकदिवसीय सिरिज हुनेछ । पहिलो खेल बुधबार, दोस्रो शुक्रबार र तेस्रो आइतबार हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ वृद्धि



**पाल्पा,** चैत १९/पेट्रोलको मूल्य प्रतिलिटर चार रुपैयाँले वृद्धि भएको छ । सोमबारदेखि वृद्धि भएको मूल्य अनुसार पेट्रोलको प्रतिलिटर मूल्य रु एक सय ७५ पुगेको हो ।

नेपाल आयाल निगम लिमिटेडको सञ्चालक समितिको आइतबारको निर्णयअनुसार सोमबारदेखि नयाँ मूल्य लागू भएको छ । निगमले नयाँ खरिद मूल्य अनुसार पेट्रोलको मूल्य प्रतिलिटर चार रुपैयाँ ७६ पैसाले बढेर आएको हो । निगमले अन्य पेट्रोलियम पदार्थको बिक्री मूल्य हाललाई यथावत् रहेको निगमद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा पेट्रोलको प्रतिलिटर मूल्य रुपैयाँ एक सय ७२ रुपैयाँ ५० पैसा रहेको छ । यस्तै, दोस्रो वर्ग अन्तर्गतका काठमाडौं, पोखरा र दिपायल जिल्लामा प्रतिलिटर रु एक सय ७४ मूल्य कायम गरिएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई